महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६

मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक⁄विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: २०७५/७६

च.नं :

मितिः २०७५।१२।१४

श्री प्रमुखज्यू,
ठोरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
पर्सा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ७३ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ४५ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड १२ लाख ६९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १९ यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

ठोरी गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र श्रोत साधन संकलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाउँपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानिय तहमै उपलब्ध हुने श्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानिय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक कियाकलापहरु संचालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ ।

स्थानीय संचितकोष : आर्थिक वर्ष २०७४।०७५ स्थानिय संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :-

●	आय तर्फ			सि. नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		६१७९७२५.००	१	**चालु खर्च**		१२७७३८९९५.३१
	क) नगद	६१७९७२५.००			क) वित्तीय समानीकरण	७२३७७४७.२१	
	ख) बैंक				ख) सशर्त अनुदान (शिक्षा)	७५६०५४१०.००	
२	**राजश्व (आन्तरिक आय)**		१९७५५६.६०		ग) सशर्त अनुदान (स्वास्थ्य)	९८३०५७७.२०	
	क) आन्तरिक राजश्व	१९७५५६.६०			घ) सशर्त अनुदान (पशु)	२९५७१०.००	
	ख) राजश्व बाँडफाँड				ङ) सशर्त अनुदान (आयुर्वेद)	७४०६७९.९०	
	ग) अन्य आय				च) सामाजिक सुरक्षा	३२०३४०००.००	
३	**वित्तीय हस्तान्तरण**		२४४३६३०००.००		छ) स्थानीय शासन सामुदायिक विकास चालु	२२२१२९.००	
	क) वित्तीय समानीकरण अनुदान	१५१५८४०००.००			ज) बहुक्षेत्रिय पोषण	५०९७५५.००	
	ख) सशर्त अनुदान	९२७७९०००.००			झ) सीमाक्षेत्र विकास कार्यक्रम चालु	१२६२९८७.००	
	ग) समपुरक अनुदान			२	**पूँजिगत खर्च**		१२८१८३८०१.५६
	घ) विशेष अनुदान				क) वित्तीय समानीकरण	११८०१६५५३.१९	
४	**प्रदेश सरकार बाट प्राप्त अनुदान**		०.००		ख) स्थानीय शासन सामुदायिक विकास पूँजिगत	५९७६०१.००	
	क) वित्तीय समानीकरण अनुदान				ग) सीमाक्षेत्र विकास कार्यक्रम पूँजिगत	९५६९६४७.३७	
	ख) सशर्त अनुदान			३	**वित्तीय व्यवस्था भुक्तानी**		०.००
	ग) समपुरक अनुदान				क) ऋण भुक्तानी		
	घ) विशेष अनुदान				ख) ब्याज भुक्तानी		
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		०.००		ग) अन्य भुक्तानी		
६	**वित्तीय व्यवस्था प्राप्ति**		०.००	४	**लगानी**		०.००
	क ऋण प्राप्ति				ऋण लगानी		
	ख) साँवा प्राप्ति				शेयर लगानी		
	ग) ब्याज प्राप्ति				अन्य लगानी		
	घ) अन्य प्राप्ति			५	**धरौटी फिर्ता**		०.००
७	**विभिन्न कोष तर्फको आय**		०.००	६	**कोष खर्च (कल्याणकारी)**		०.००
८	**जनसहभागिता (नगद)**		०.००	७	**मौज्दात**		४३०५२९४०.३३
९	**विषयगत निकायबाट प्राप्त रकम**		४५९२५०००.००		क) चालु खाता	१६८७६३२९.९१	

	क) सामाजिक सुरक्षा	३२०३४०००.००			ख) पूँजिगत खाता	६९८२१२.०२	
	ख) स्थानीय शासन सामुदायिक विकास चालु	४६००००.००			ग) धरौटी खाता	४३०००.००	
	ग) स्थानीय शासन सामुदायिक विकास पुँजिगत	६०००००.००			घ) मूल संचित कोष	२५२३७८४१.८०	
	घ) सीमाक्षेत्र विकास कार्यक्रम पूँजिगत	१०००१०००.००			ङ) आन्तरिक कोष खाता	१९७५५६.६०	
	ङ) बहुक्षेत्रिय पोषण	१३३९०००.००					
	च) सीमाक्षेत्र विकास कार्यक्रम चालु	१४९१०००.००					
१०	**धरौटी आय**	४३०००.००	**४३०००.००**				
११	**लगानीको साँवा फिर्ता**		**०.००**				
१२	**अन्य विविध आय**		**०.००**				
१३	**दायित्व बाँकी**		**२२६७४५५.६०**				
	विभिन्न आयकर र कर्मचारी सञ्चय कोष दाखिला बाँकी	२२६७४५५.६०					
जम्मा		**२९८९७५७३७.२०**	**२९८९७५७३७.२०**	**जम्मा**		**२९८९७५७३७.२०**	**२९८९७५७३७.२०**

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>लेखापरीक्षणको क्रममा असूली :- सामाजिक सुरक्षा भत्ता वितरणमा दोहोरो परेको रु.६०,०००।- लेखापरीक्षणबाट औंल्याएपछि बेरुजू खातामा दाखिला गरेको प्रमाण पेश भएको छ ।</td><td></td></tr>
<tr><td>२.</td><td>बैंक मौज्दात :- यस आ. व. को अन्तमा श्रेस्तानुसार रु.४,३०,५२,९४०।३३ बाँकी रहेकोमा बैंक स्टेटमेण्ट अनुसार रु.९,२९,८६,४३२।७० मौज्दात देखिएकोले रु. ४,९९,३३,४९२।३७ बैंक बढी देखियो । कार्यालयले म. ले. प. फा. नं. १५ बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३.</td><td>वित्तीय विवरणमा फरक : बैंक नगदी किताव अनुसार श्रेस्ता खर्च रकमको आधारमा आर्थिक विवण तयार हुनु पर्दछ । निम्नानुसार कार्यालयले बैंक नगदी किताबमा देखाएकोमा खर्च र आर्थिक विवरणमा देखाएको खर्च निम्नानुसार पेश भएको छ ।
<table>
<tr><th>ब.उ.शी.नं.</th><th>बैंक नगदी अनुसार खर्च</th><th>आर्थिक विवरण अनुसार खर्च</th><th>फरक खर्च रकम</th></tr>
<tr><td>वित्तीय समानीकरण</td><td>१२५३०४३००.४०</td><td>१२१५८४०००.००</td><td>(३७२०३००.४०)</td></tr>
<tr><td>बहुक्षेत्रीय पोषण (चालु)</td><td>५०६७५५.००</td><td>१३३९०००.००</td><td>८३२२४५.००</td></tr>
<tr><td>सीमाक्षेत्र विकास कार्यक्रम (पूँजिगत)</td><td>९५६९६४७.३७</td><td>१०००१०००.००</td><td>४३१३५२.६३</td></tr>
<tr><td>सीमाक्षेत्र विकास कार्यक्रम (चालु)</td><td>१२६२९८७.००</td><td>१४९१०००.००</td><td>२२८०१३.००</td></tr>
<tr><td>स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (चालु)</td><td>२२२१२९.००</td><td>४६००००.००</td><td>२३७८७१.००</td></tr>
<tr><td>स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (पूँजिगत)</td><td>५९७६०१.००</td><td>६०००००.००</td><td>२३९९.००</td></tr>
<tr><td>सशर्त अनुदान</td><td>८६४७२३७७.१०</td><td>९२७७९०००.००</td><td>६३०६६२२.९०</td></tr>
<tr><td>जम्मा</td><td>२२३९३५७९६.८७</td><td>२२८२५४०००</td><td>४३१८२०३.१३</td></tr>
</table>
उपरोक्त अनुसार श्रेस्ता एवं बैंक नगदी किताब अनुसार रु.२२,३९,३५,७९६।८७ खर्च देखिएकोमा कार्यालयको आर्थिक विवरण अनुसार रु.२२,८२,५४,०००।- खर्च देखाएकोले बैंक नगदी किताबमा भन्दा आर्थिक विवरणमा रु.४३,१८,२०३।१३ बढी देखाएको छ । खर्चको गोश्वारा भौचरको आधारमा बैंक नगदी किताबमा लेखांकन गरी खर्च श्रेस्ताको आधारमा आर्थिक विवरण तयार गर्नुपर्नेमा सो नगरेबाट वास्तविक खर्च यकिन हुन नसकेकोले हिसाब मिलान गर्नुपर्ने रु.</td><td>४३१८२०३.१३</td></tr>
<tr><td>४.</td><td>आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन :- स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७८</td><td></td></tr>
</table>

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार जोखिम क्षेत्र पहिचान, नियन्त्रणको वातावरण, सूचनाको आदानप्रदान, अनुगमन तथा मूल्यांकन जस्ता विषयलाई समेटी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने र सोही दफाको उपदफा ३ बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गाउँपालिकाको प्रमुख आफैंले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरेकोमा तदनुरुपको आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको एवं अनुगमन गरेको देखिएन । ● पेश्की समयमा फछ्र्यौट नगरेको, (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३), ● वार्षिक खरिद योजना तयार नभएको, (सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८), ● कर्मचारी एवं पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेको, (भ्रमण खर्च नियमावली २०६४ को नियम २१), ● डोर हाजिरी फाराम, नापी किताव नियन्त्रण खाता, कार्य अभिलेख खाता नरहेको, ● कन्टिन्जेन्सीको योजनागत अभिलेख नराखेको, ● प्रथम चौमासिकभित्र ठेक्कापट्टा व्यवस्थापन नगरेको (आर्थिक कार्यविधि नियमावली २०६४ को २०(३), ● शिक्षक एवं कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरेको । कानूनको परिपालना नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली वान्छित रुपमा प्रभावकारी नभएको र सेवाको गुणस्तरमा सुधार ल्याउन यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । तसर्थ कानूनले तोके बमोजिमको कार्य गर्नुपर्दछ ।	
५.	**प्रोदभावी लेखा :-** गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्दछ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।	
६.	**विद्युतिय लेखा :-** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह संचितकोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्वन्धि पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वुँदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो संचितकोषको संचालनमा गर्नुपर्ने, वजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यस वर्ष गाउँपालिकाले Sub National Tresury Regulatory application (SUTRA) प्रयोगमा ल्याएको देखिएन । तसर्थ (SUTRA) प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नु पर्दछ ।	
७.	**चल अचल सम्पत्तिको संरक्षण :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४(२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य उल्लेख गरेको छ । गाउँपालिकाको चल-अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने र अद्यावधिक गर्ने, गराउने, न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल संरक्षण गर्ने, गराउने, सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी काम गर्ने, गराउने आयोजनाहरुको फरफारकका लागि प्रतिवेदन	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने आर्थिक कारोवारको हिसाब तथा अभिलेख दुरुस्त राख्ने बेरुजू फर्छ्यौट गर्ने गराउने कार्य प्रमुख प्रशासकीय अधिकृतको हुने उल्लेख गरेकोमा सो अनुसारको कार्य व्यवस्थित रुपमा राखी कार्यसम्पादनको स्तरमा थप सुधार ल्याइनुपर्छ ।	
८.	**चौमासिक प्रतिवेदनः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतले तदनुसारको प्रगति प्रतिवेदन तयार गरेको र कार्यपालिकाको बैठकमा पेश गरेको देखिएन । तसर्थ, कानूनले तोकेबमोजिमको कार्य गराउनुपर्दछ ।	
९.	**आन्तरिक लेखापरीक्षण :-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ को उपदफा २ बमोजिम स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र उपदफा ३ मा आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ । गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ को आय र व्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ, कानूनले तोके बमोजिम आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ ।	
१०.	**बचत रकम :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम महालेखा नियन्त्रक कार्यालयले प्रत्येक वर्ष फ्रिज नहुने भनी तोकेको उपशिर्षकहरु वाहेक अन्य शिर्षकहरुमा आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार शिर्षक तथा कार्यक्रमहरुमा बचत रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरेको नदेखिएकोले बेरुजू खातामा दाखिला गरिनुपर्ने रु.	३३७९१३७.९०

कार्यक्रम	रकम
बहुक्षेत्रीय पोषण (चालु)	८३२२४५.००
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (चालु)	२३७८७१.००
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (पूँजिगत)	२३९९.००
सशर्त अनुदान	२३०६६२२.९०
जम्मा	**३३७९१३७.९०**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
११.	**आनुपातिक रुपमा बढी भुक्तानी :-**	
११.१.	४/२०७५/३/२४ हनुमाननगरको शिवमन्दिर, अगाडि कल्भर्ट निर्माण वडा नं. २ मा गर्नको लागि रु.९,८२,२०९।१७ कूल लागत अनुमान भएको रहेछ । लागत अनुमान बमोजिम उपभोक्ता समितिले रु.१,००,२०९।१७ र गाउँपालिकाको तर्फबाट रु.८,८२,०००।- लागत व्यहोर्ने उल्लेख छ । सो कार्य उपभोक्ता समितिमार्फत भएकोमा पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.९,७०,९९८।३९ को कूल काम भएकोले लागत अनुमानको आधारमा गाउँपालिकाको योगदान रु.८,७१,९३२।७९ मात्र आनुपातिक रुपमा भुक्तानी गर्नुपर्नेमा रु.८,८२,०००।- भुक्तानी गरेकोले आनुपातिक रुपमा बढी भुक्तनी भएको रु.१०,०६७।२० उपभोक्ता समितिबाट असुल गरी बेरुजू दाखिला गर्नुपर्ने रु.	१००६७.२०
११.२.	५/२०७५/३/२४ गौतमनगर शिवमन्दिर छेउको वडा नं. २ मा कल्भर्ट निर्माण गर्नको लागि उपभोक्ता समितिले रु.१,१९,८०३।- र गाउँपालिकाले रु.१०,७८,०००।- व्यहोर्ने गरी रु.११,९७,८०३।- को लागत अनुमान भएको देखिन्छ । उपभोक्ता समितिले पेश गरी कार्यालयले स्वीकृत गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.११,९४,६२६।४३ को कार्य गरेकोले आनुपातिक रुपमा रु.१०,७५,१४०।७६ भुक्तानी गर्नुपर्नेमा रु.१०,७८,०००।- भुक्तानी गरेकोले रु.२८५९।२४ असुल गर्नुपर्ने रु.	२८५९.२४
१२.	**घटी कार्य गरेकोमा फरकफारक :-** ६/२०७५/३/२५ प्राविधिक विद्यालयको छात्रावास निर्माण गर्नको लागि रु.१० लाख बजेट व्यवस्था गरेको देखिन्छ । गाउँपालिकाले	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	रु.९,८०,०००।- र उपभोक्ताले १,१०,६३०।- समेत रु.१०,९०,६३०।- को लागत अनुमान स्वीकृत भएको देखिन्छ । कार्य मूल्यांकन (सम्पन्न) प्रतिवेदन अनुसार रु.७,७७,८९३।- को कार्य भएकोले लागत अनुमानको ७१.३२ प्रतिशत काम गरी उपभोक्ता समितिसँग फरफारक गरेको देखिन्छ । गाउँपालिकाको अनुगमन समितिको प्रतिवेदन अनुसार ६०% काम सम्पन्न भएको उल्लेख गरेको देखियो ।	

क्र. सं	कामको विवरण	ल.ई. परिमाण	दर	रकम	सम्पन्न परिमाण	रकम
१.	साईट क्लियरेन्स	१	८०००.००	८०००.००	१	८०००.००
२.	आर. सि. सि. को लागि (१२.४ पि. सि. सि.)	३७.५९ घ.मी.	९७०६.१०	३६४८६८.३१	२०.५६	१९९५५७.४१
३.	Reinforcement bar work	२६५९.१७ के.जी.	१०४.६३	२७८२२८.७८	१६३५.५९	१७११३१.७८
४.	Formwork	३२६.४९ व.मी.	७३१.६७	२३८८८४.४१	२००.०६	१४६३७७.९०
५.	First Class Brick Work	६.७७ क्यू. मी.	११८६१.५८	८०३०५.३४	११.९४	१४१६२७.२६
६.	Supply & Installation of Hoarding board	१	५०००.००	१	५०००.००	५०००.००
७.	Supply, nocking fixing salwood, चौकोस	०.५१ क्यू. मी.	२२८०९२.१८	११५३४३.१७	०.४६	१०४९२२.४०
			जम्मा	**१०८५६३१.०१**		**७७६६१६.७५**

कार्य सम्पन्न प्रतिवेदन अनुसार ७१.३२ प्रतिशत रकम बराबरको कार्य भएको छ भने अनुगमन प्रतिवेदनले ६० प्रतिशत कार्य गरेको उल्लेख भएतापनि कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले कार्य गुणस्तर सम्बन्धमा थप मूल्यांकन गर्नुपर्ने साथै उपरोक्तानुसार आईटम नं. ५ मा लागत अनुमानको १७६.३६ प्रतिशत बढी, आईटम नं. ४ मा ६१.२७ प्रतिशत लागत अनुमान भन्दा घटी कार्य गरेकोमा प्राविधिक पुष्ट्याई गरेको समेत देखिएन । तसर्थ समग्र कामको गुणस्तर मूल्यांकन तथा कार्य थपघटको प्राविधिक पुष्ट्याई हुनुपर्दछ ।

१३. **दैनिक भ्रमण भत्ता :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ बमोजिम स्वीकृत बजेट र खर्च शिर्षकमा तोकिएको बजेट सोही कार्यक्रम अनुसार खर्च गरिनुपर्दछ । ब. उ. शि. नं. ३६५८५२३ सीमाक्षेत्र विकास कार्यक्रममा अनुगमन शिर्षकमा रु.३५,०००।- बजेट व्यवस्था भएको देखिन्छ । सीमा क्षेत्र विकास कार्यक्रमको पूँजिगत बजेटबाट खर्च गरी निर्माण गरिएका योजना तथा कार्यक्रममा अनुगमन गर्ने व्यवस्था भएको बजेट भौचर नं. २/२०७५/२/२७ बाट निम्न बमोजिमको भ्रमण भत्ता लेखापाल सत्य नारायण सहनीलाई भुक्तानी गरेको देखिएको छ । तोकिएको योजना अनुगमन गर्नको लागि व्यवस्था गरिएको बजेट सामाजिक सुरक्षा भत्ता सम्बन्धी कार्य गर्न काठमाडौं गएको उल्लेख गरी भ्रमण प्रतिवेदन पेश गरेबाट कार्यक्रम विपरित भुक्तानी गरेको देखिएको रु. ३५५५०.००

भ्रमण अवधि	रकम	कैफियत
२०७५/१/२३-२०७५/१/२९ काठमाडौं	११८५०.००	लेखा सम्बन्धी काम
२०७५/२/१-२०७५/२/७ काठमाडौं	११८५०.००	लेखा सम्बन्धी काम
२०७५/२/२०-२०७५२/२/२६ काठमाडौं	११८५०.००	लेखा सम्बन्धी काम
जम्मा	**३५५५०.००**	

१४. **खरिद आदेश, दाखिला प्रतिवेदन :-** भौ. नं. २ मिति २०७५/२/२७ बाट माँ भवानी स्टेशनरी सप्लायर्स, पर्साबाट निम्न बमोजिमका सामान खरिद गरेकोमा खरिद माग फाराम, खरिद आदेश, दाखिला रिपोर्ट समेत नराखी प्यान बिलको आधारमा खर्च भुक्तानी गरेकोले खर्च नियमित नदेखिएको रु. ३५०००.००

सामानको नाम	परिमाण	रकम
पाइलट पेन	६० पिस	८४००.००
डटपेन	२०० पिस	३०००.००
फाइल	२०० पिस	२०००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम

रजिष्टर	१४ पिस	२१००.००
लकवाला डायरी	१० पिस	७०००.००
इण्डेक्स फाइल	५० पिस	८५००.००
कोव्रा पाइल	८० पिस	४०००.००
	जम्मा	३५०००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१५.	**साविक गा. वि. स. को रकम :-** गाउँपालिकाको २०७५ वैशाख १३ को निर्णय नं. २ मा साविक सुवर्णपुर गा. पा. को वडाहरुको खर्च खातामा (NIC Bank) मा रहेको बाँकी रकम सुवर्णपुर गा.पा. बाट हाल ठोरी गा. पा. भएकोले सुवर्णपुरको खातामा रहेको रकम गा. पा. को मूल संचितकोषमा दाखिला गर्ने निर्णय भएकोमा सो खातामा के कति रकम बाँकी छ कार्यालयले यकिन नगरेकोले यकिन गरी बाँकी देखिएको रकम मूल संचित कोषमा दाखिला गर्नुपर्दछ ।	
१६.	**दाखिला भौचर :-** सीमा क्षेत्र विकास कार्यक्रमको चालु खातातर्फ कर दायित्व बाँकी देखाएको रु.१५,०४९।- दाखिला भौचर पेश नभएको रु.	१५०४९.००
१७.	**संशोधित लागत अनुमान तथा प्राविधिक पुष्ट्याई :-** १०५/२०७५/३/२४ देविस्थान सिँचाइ वडा नं. १ मा Core wall construction and gabion work को लागि रु.२१,५७,१६६।५१ लागत अनुमान गरी उपभोक्ता समिति मार्फत कार्य गराएको देखिन्छ । पेश भएको कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.२६,६१,०८६।७२ को काम भएको देखियो । लागत अनुमानमा नभएको Reconstruction of core wall को लागि रु.४,८१,४५०।४३ को कार्य गरेकोमा थप कार्यको संशोधित लागत अनुमान स्वीकृत नगर्नुको साथै उक्त कामको प्राविधिक पुष्ट्याई वेगर खर्च गरेको रु.	४८१४५०.४३
१८.	**मोबाइल खरिद :-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) बमोजिम कार्यालयमा प्राप्त रकम तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि नियमावलीको नियम ३५ बमोजिम स्वीकृत बजेटभित्र तोकिएको शिर्षकमा खर्च गर्नुपर्ने उल्लेख छ । १०७/२०७५/३/२४ बाट वित्तीय समानिकरण पूँजिगतबाट नेपाल टाइम सेन्टरको २०७५/३/२४ को बिलानुसार मू. अ. कर सहित एकको रु.६९,८९९।९९ र अर्को एकको रु.२८,९८९।९९ समेत रु.९८,८९०।- मा २ थान मोबाइल खरिद गरेको देखिन्छ । मोबाइल प्रयोग गर्नेको नाम, उद्देश्य, प्रयोजन समेत नखुलेको र कार्यालयको जिन्सी खातामा दाखिला समेत नभएकोले प्रयोगको पुष्ट्याई सहित दाखिला गर्नुपर्ने रु.	९८८९०.००
१९.	**तालिम संचालन :-** ११४/२०७५/३/२४ बाट लक्षित वर्गको कार्यक्रम गरेवापत निम्न मिडिया हाउसहरुलाई भुक्तानी गरेकोमा देहायका तालिम कार्यक्रम संचालन गरे वापत ती संस्थामार्फत रकम भुक्तानी गरेकोमा ती संस्थाहरुको तालिम संचालन गर्न, गराउन सक्ने योग्यता, अनुभव खुलेको कागजात वेगर तालिम संचालन गराएकोले तालिमको प्रभावकारिता मूल्यांकन हुनुपर्ने रु.	२९९९९९८.००

संस्थाको नाम	तालिम / विवरण	रकम
कपुरकोट मिडिया प्रा. लि. सिमरा	अभिव्यक्ति कला तथा क्षमता अभिवृद्धि तालिम	५०००००.००
कपुरकोट मिडिया प्रा. लि. सिमरा	लागु औषध विरुद्धको अभिमुखीकरण तालिम	५०००००.००
अल्काइण्ड ग्रुप	आपसी मेलमिलाप र दिगो विकास सम्बन्धी अभिमुखीकरण तालिम	४९९९९९.००
कपुरकोट मिडिया प्रा. लि.	वालभित्रे पत्रिकालेखन सम्बन्धी तालिम	४९९९९९.००
प्रमेश मिडिया पा. लि.	जनजाति युवाहरुको लागि पत्रकारीता तालिम	५०००००.००
कपुरकोट मिडिया प्रा. लि.	यौन तथा प्रजनन स्वास्थ्य तालिम	५०००००.००
	जम्मा	**२९९९९९८.००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
२०.	**कार्यसम्पन्न गर्ने अवधि :-** लागत अनुमान अनुसारको कार्य तोकिएको समयमा गुणस्तरयुक्त ढङ्गले सम्पादन गर्नुपर्दछ । निम्नानुसारका योजनाहरु देहायको मितिमा शुरु	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	गरी सम्पन्न गरेको देखियो । निर्माण सम्पन्न कामको गुणस्तर एवं सम्पन्न हुने समयावधिको मूल्यांकन हुनुपर्दछ ।	

योजनाको नाम	उपभोक्ता समिति	ल.ई. रकम	सम्पन्न रकम	कार्य शुरु मिति	सम्पन्न मिति	दिन	कार्यालयले व्यहोर्ने
डेडुखोला नदि नियन्त्रण कार्य	डेडुखोला तटबन्धन उपभोक्ता समिति ठोरी-१	४३१४५०१.००	४३१४५०१.००	२०७५/१/१३	२०७५/२/१५	३२	३८८००००.००
सिर्सिया मैदी कल्भर्ट निर्माण	उपभोक्ता समिति-५	५४५०८८.००	५६९७९४.००	२०७५/२/७	२०७५/२/३०	२३	५०००००.००
बाघमोर्चा माइस्थान मन्दिर निर्माण र पिकनिक स्पोट निर्माण	उपभोक्ता समिति-८	२१५७८८३.००	२१७४२२३.००	२०७५/१/२३	२०७५/२/३०	३७	२००००००.००
ओरीयाखोला मालीबस्ती तटबन्धन कार्य	ओरीयाखोला मालीबस्ती तटबन्धन उपभोक्ता समिति-४	१६१८०८६.००	१५९७५८१.००	२०७५/२/१	२०७५/२/३१	३०	१४५५०००.००
ठाडोखोला ओरीयालाइन तटबन्धन कार्य	ठाडोलाइन ओरीयाखेला तटबन्धन कार्य, वडा नं. ४	१०८००९५.३५	११०६२७१.७३	२०७५/२/७	२०७५/२/३०	२३	९७००००.००
गुह्येखोला आर.सि.सि. बक्स कल्भर्ट निर्माण	गुह्येखोला भिमकुमारीको घर छेउ कल्भर्ट निर्माण उपभोक्ता समिति-३	१४०१४२५.७१	१४०१५६२.७०	२०७५/१/१९	२०७५/२/३०	४०	१२६१०००.००
						जम्मा	१००६६०००.००

उपरोक्त अनुसारका कार्यहरुको शुरु तथा सम्पन्न अवधि २७ दिनदेखि ४० दिनदेखि ४० दिनसम्मको देखिन्छ । उक्त अवधि भित्र जनशक्ति परिचालन भई निर्माण कार्य सम्पन्न समेत गरेको हुनाले कामको गुणस्तर मूल्यांकन गरिनुपर्दछ ।

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
२१.	**एम्बुलेन्स खरिद :-** १३४/२०७५/३/२५ कार्यालय र सिप्रदी ट्रेडिङ्ग प्रा. लि. बीच १/१ थान Tata Sumo Ambulance 4 WD खरिदको लागि सम्झौता बमोजिम रु.१०,४९,३८०।- सिप्रदी ट्रेडिङ्गलाई भुक्तानी गरेको देखिन्छ । एम्बुलेन्स प्राप्त गरेको देखिएन । सिप्रदीको नाउँमा पेश्की नजनाई सामान प्राप्त नहुँदै खर्च जनाएकोले सिप्रदीको रीतपूर्वकको बिल प्राप्त गरी सामान दाखिला गर्नुपर्ने रु.	१०४९३८०.००
२२.	**डोर हाजिर नियन्त्रण खाता :-** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० बमोजिम जिम्मेवार व्यक्तिले तोकिए बमोजिमका ढाँचाहरु प्रयोग गरी लेखा श्रेस्ता राख्नुपर्दछ । १३९/२०७५/३/२५ बाट उपभोक्ता समितिबाट हुने निर्माण कार्यमा सुपरभाइजर राखेवापत रु.२,९९,२५०।- भुक्तानी गरेको छ । डोर हाजिर नियन्त्रण खाता तथा कामको विवरण दैनिक रुपमा नखुलाई विभिन्न खर्च लेखेकोले डोर हाजिर नियन्त्रण खाता राखी खर्च नियमित गराइनुपर्दछ ।	
२३.	**एक रेडियो स्टेशनलाई ए. सी. खरिद :-** १४१/२०७५/३/२५ संस्थागत विकास तथा सुशासन प्रर्वद्धन कार्यक्रम अर्न्तगत विजयबस्ती एफ. एम. लाई गाउँसभाको निर्णयानुसार एक थान ए. सी. खरिद गर्न रु.१,००,०००।- बजेट व्यवस्था गरेको छ । सामुदायिक रेडियो विजयबस्ती ९०.१ मेघाहर्ज विजयबस्ती-४ ठोरीलाई ए. सी. उपलब्ध गराउने निर्णय अनुसार एल. जी. एयरकण्डिसन १ थान आर. के. इम्पोरीयमबाट खरिद गरेको देखिन्छ । उक्त सामान कार्यालयले जिन्सी खातामा आम्दानी बाँधी हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण गरेको नदेखिएको रु.	९००००.००
२४.	**सहकारीलाई अनुदान :-** १४२/२०७५/३/२५ गाउँसभाबाट स्वीकृत पूर्वाधार विकास	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	कार्यक्रम अर्न्तगत कामधेनु दुग्ध सहकारी संस्था वडा नं. १ लाई अनुदान रु.७,५०,०००।- निकासा गरेको छ । गाउँपालिकामा यस्ता प्रकारका संस्थाहरु अन्य पनि हुन सक्ने र छनौटको आधार तयार गरी सहकारी संस्थालाई अनुदान दिनुपर्नेमा सो वेगर एकमात्र सहकारीलाई तोकी गाउँसभाले कार्यक्रममा पार्नु उपयुक्त देखिएन ।	
२५.	**मेशिन वितरण :-** १४३/२०७५/३/२५ जयसवाल इन्टरप्राइजेजको बिलअनुसार चारा काट्ने मेशिन १० सेट रु.१,२५,०००।- मा खरिद वापत भुक्तानी गरेकोमा सो मेशिन किसानलाई वितरण गरेको नदेखिएको रु.	१२५०००.००
२६.	**टेलिभिजन वितरण :-** १४४/२०७५/३/२५ गाउँसभाले सामाजिक विकास (शिक्षा) कार्यक्रममा प्राविधिक शिक्षा संचालन टेलिभिजन कार्यक्रममा रु.५,७५,०००।- बजेट व्यवस्था गरेको देखिन्छ । उक्त बजेटबाट आर. के. इम्पोरीयम वीरगंजबाट रु.४,९१,०००।- मा ३२" र २४" LED TV २३ थान खरिद गरेकोमा २१ थान मात्र विभिन्न विद्यालयलाई वितरण गरेको देखिएकोले बाँकी २ थान विद्यालयलाई बुझाएको प्रमाण नदेखिएकोले उक्त २ थानको रु.४२,६९५।- असुल हुनुपर्ने रु.	४२६९५.००
२७.	**हाजिर प्रमाणित :-** १४६/२०७५/३/२५ बाट गाउँसभाबाट पारित कार्यक्रम अनुसार सामुदायिक स्वास्थ्य एकाई ओडार निर्मलबस्तीलाई कर्मचारी तलब भत्ता कार्यक्रमको लागि रु.३,००,०००।- बजेट व्यवस्था गरेको देखिन्छ । ३ नं. वडा कार्यालयको सिफारिसको आधारमा हाजिर प्रमाणित वेगर अ. हे. व. र अ. न. मी. एक/एक जनालाई २०७४ श्रावणदेखि २०७५ वैशाख मसान्तसम्मको जनही रु.१,५०,०००।- का दरले रु.३,००,०००।- सो एकाईलाई भुक्तानी गरेकोमा कार्यरत कर्मचारीको हाजिर प्रमाणित एवं कामको विवरण वेगर भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.	३०००००.००
२८.	**प्रयोजन नखुलेको खाजा खर्च :-** १४७/२०७५/३/२५ कमला खाजाघरलाई १० थान प्यान बिलको आधारमा रु.१,९४,८०५।- भुक्तानी गरेको देखिन्छ । कामको उद्देश्य एवं प्रयोजन वेगर र उपस्थिति प्रमाणित वेगर खाजा, खाना वापत खर्च दावी गरी भुक्तानी गरेको अनियमित देखिएको रु.	१९४८०५.००
२९.	**विरुवा वितरण :-** १४८/२०७५/३/२५ बाट प्रकाश फलफूल नर्सरी, वागवानीबाट रु.३,६९,८३८।- का विभिन्न विरुवाहरु (आँप कलमी, आँप आम्रपाली, लिची लगायत) का विरुवा प्याकिङ, ढुवानी सेमत गरी भुक्तानी गरेकोमा कृषकलाई विरुवा वितरण गरेकोमा सोको विरुवा बुझेको भरपाई वेगर खर्च लेखेको रु.	३६९८३८.००
३०.	**सेवा सुविधा निर्धारण आधार :-** १५१/२०७५/३/२५ गाउँपालिकाको योजना प्रकृया संचालन, व्यवस्थापन, गाउँसभा एवं सोको लागि विभिन्न समिति, उपसमिति, राजस्व परामर्श समिति, श्रोत अनुमान समिति तथा बजेट निर्माणमा जनप्रतिनिधि एवं कर्मचारीको क्षमता विकास गर्नको लागि श्रोत व्यक्ति सहजकर्ता श्री सन्तोष प्रसाद ढुङ्गेललाई देहाय बमोजिमको सुविधा दिने गरी रु.४,४५,६००।- भुक्तानी गरेको देखिन्छ । सुविधा निर्धारणको आधार वेगर २०७५/२/१८ को गाउँपालिकाको अध्यक्षको निर्णयानुसार भुक्तानी गरेकोमा खर्चको उपलब्धि मूल्यांकन नहुनाको साथै सुविधा निर्धारणको आधार पेश नगरेको रु.	४४५६००.००

सुविधा विवरण	दिन	दर	रकम
पारिश्रमिक	४३ दिन	६०००.००	२५८०००.००
खाना खाजा	४३ दिन	१२००.००	५१६००.००
आवास	४३ दिन	१०००.००	४३०००.००
सञ्चार	४३ दिन		१५०००.००
यातायात	४३ दिन		४३०००.००
स्टेशनरी	४३ दिन		१५०००.००
विविध खर्च	४३ दिन		२००००.००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	जम्मा ४४५६००.००	
३१.	**सम्झौता वेगर भुक्तानी :-** १५५/२०७५/३/२५ २०७५ जेठ १ गतेको गाउँ कार्यपालिकाको निर्णय नं. ५ बमोजिम २०७४/७४ को गाउँसभाबाट उर्जा तथा साना जलविद्युत शिर्षक अर्न्तगत बिजुली तार र पोल खरिद शिर्षकमा रु.५० लाख बजेट व्यवस्था भएको देखिन्छ। वडा नं. १ र २ मा विद्युतीकरणको कार्य गर्न विद्युत प्राधिकरणको रु.४९,९९,९१५।१९ लागत अनुमानको पुरै रकम भुक्तानी गरेको देखिन्छ। गाउँ कार्यपालिकाको निर्णय अनुसार सम्झौता गरी मात्र रकम भुक्तानी गर्नुपर्नेमा सम्झौता वेगर नै भुक्तानी गरेकोले सम्पन्न गर्नुपर्ने अवधि सम्बन्धमा विद्युत प्राधिकरणलाई जिम्मेवार बनाउन सक्ने अवस्था गाउँपालिकासँग देखिदैन। तसर्थ सम्झौता नगरी लागत अनुमानको पुरै रकम भुक्तानी गर्ने कर्मचारीलाई समेत जिम्मेवार बनाउनुपर्ने देखिएको रु.	४९९९९१५.१९
३२.	**तारजाली बढी मूल्यांकन :-** ९७/२०७५/२० लागत अनुमान र सम्झौता अनुसार उपभोक्ता समितिलाई रकम भुक्तानी गर्नुपर्दछ। कार्यालयले Febrication of gabin boxes including rolling, cutting and weaving, hexagonal mesh size 3×1×1, mesh wire 10 such, selvedge wire 8 swing, binding wire 125wg-१०० थानको रु.४३,५४,६९५।- लागत अनुमान गरी बुद्धनगर गुह्यखोला शिरमा तटबन्ध निर्माण कार्यको उपभोक्ता समितिसँग सम्झौता गरेकोमा १०८ थान ग्याविन तारजालीको रु.४,३५६।९५ का दरले रु.४,७०,५५०।- मूल्यांकन गरेकोमा के. आई. वायर्स प्रा. लि. को विजक नं. १०९ मिति २०७५/०२/१३ बिलबाट २ थान 3×1×1 साइजको ग्याविन जाली रु.७,६६५।- (मू. अ. कर समेत) र नारायणी स्टील्स फर्निचर प्रा. लि. को विजक नं. २६७ मिति २०७५/१/२८ बाट ९८ थानको रु.३,७५,६३०।- (मू. अ. कर समेत) जम्मा रु.३,८३,२९५।- भुक्तानी गरेबाट खरिद भन्दा बढी मूल्यांकन गरी भुक्तानी भएकोले ८ थानको बढी भुक्तानी भएको रु.३०,६६३।-, यस परिमाण खरिद गरेको समेत देखिएकोमा १०८ थान तार जालीको रु.४,७०,५५०।- मूल्यांकन गरी लागत अनुमान र सम्झौताभन्दा बढी रु.३४,८५५।- मूल्यांकन गरी भुक्तानी गरेकोले जनसहभागिता अंश दश प्रतिशतले हुने रु.३,४८५।५० कट्टा गरी हुन आउने रकम रु.३१,३६९।५० असुल गर्नुपर्ने रु.	३१३६९.५०
३३.	**भिलेज प्रोफाइल :-** ठोरी गाउँपालिकाको भिलेज प्रोफाइल तयारी गरेको जनाई इको प्लस प्रा. लि. काठमाडौंलाई रु.४,९८,३३०।- भुक्तानी गरेकोमा देखिएका व्यहोरा देहायअनुसार छन् :-	
३३.१.	**लागत अनुमान र जिन्सी आम्दानी :-** २७/२०७४/१०/२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम परामर्श सेवा खरिद गर्दा तोकिएको सुचाङ्क प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने र कार्यालयले सम्झौताको शर्तनामा बमोजिम कार्यसम्पन्न पश्चात रकम भुक्तानी गर्नुपर्दछ। कार्यालयले गाउँपालिकाको भिलेज प्रोफाइल तयारीको लागत अनुमान एवं स्वीकृति वेगर ३ वटा खुला दरभाउ पत्र लिई इको प्लस प्रा. लि. काठमाडौंसँग सम्झौता गरी रु.४,९८,३३०।- (मू. अ. कर समेत) भुक्तानी गरेकोमा भिलेज प्रोफाइलको हार्डकपी, सफ्टकपी (सि.डी.) र जिन्सी आम्दानी भएको प्रमाण पेश नभएकोले सो प्रमाण पेश गर्नुपर्ने रु.	४९८३३०.००
३३.२.	**पूर्वनिर्धारित क्षतिपूर्ति :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ बमोजिम परामर्शदाताको ढिलाईका कारणले सम्झौतामा तोकिएको अवधिभित्र सम्झौता बमोजिमको कार्य सम्पन्न नभएमा सार्वजनिक निकायलाई सम्झौता रकममा दश प्रतिशत नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। यस वर्ष ठोरी गाउँपालिकाको भिलेज प्रोफाइल तयारी गर्ने कार्य सम्झौता मितिले १ महिनाभित्र सम्पन्न गर्ने गरी मिति २०७४/८/१९ मा सम्झौता भएकोमा मिति २०७४/१०/२३ मा कार्यसम्पन्न भएको जनाई रकम भुक्तानी गरेकोमा निर्धारित म्यादभन्दा ३३ दिन ढिलो कार्यसम्पन्न भएको हुँदा सम्झौता रकम रु.४,९८,३३०।- को	८२२२.२८

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	०.०५ प्रतिशतले प्रतिदिनको रु.२४९।१६ दरले हुने रु.८,२२२।२८ असुल गर्नुपर्ने रु.	
३४.	**सफ्टवेयर :-** २८/२०७४/१०/२५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा तोकिएका सूचाङ्कका आधारमा लागत अनुमान तयार गर्नुपर्ने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियमा ४७(१) बमोजिम सातदिन भित्र जिन्सी मालसामान आम्दानी बाँध्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले स्थानीय तह कर्मचारी सूचना प्रणाली (LG-PIS) कार्यान्वयन गर्न ३ वटा खुला प्रस्ताव लिई सबैभन्दा घटी कबोल गर्ने सांग्रीला माइक्रोसफ्ट प्रा. लि. सँग रु.२,००,०००।- (मू. अ. कर समेत) मा सम्झौता गरी कार्यसम्पन्न भएको जनाई सम्झौता बमोजिमकै रकम भुक्तानी गरेकोमा लागत अनुमान तयार नै नगरी कार्य गराएको, सफ्टवेयरको स्पेशिफिकेशन नखुलेको, सफ्टवेयर संचालन तालिम कसलाई दिएको हो नखुलेको, कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक नभएको, सफ्टवेयर संचालनमा नरहेको र सफ्टवेयर दाखिला समेत नगरेकोले सोको पुष्ट्याई हुने आधार प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.	२०००००.००
३५.	**निमित्त भत्ता :-** ४६/२०७५/३/४ निजामती सेवा नियमावली, २०५० को नियम ४७ बमोजिम कुनै पदमा पन्ध्र दिन भन्दा बढी अवधि निमित्त भई काम गर्ने निजामती कर्मचारीले पाउने तलब भत्ता निजले एक श्रेणी माथिको पदमा बढुवा पाएमा पाउने तलब भत्ताभन्दा बढी नहुने व्यवस्था छ । कार्यालयले नायव सुब्बा श्री किरण बहादुर बि. क. लाई २०७४/१०/१० देखि २०७५ आषाढ मसान्तसम्म निमित्त कार्यालय प्रमुख भई कार्य गरेवापत निजले खाइपाइ आएको तलब रु.२५,८४९।- मा माथिल्लो पदको शुरु तलबमान रु.३०,५००।- घटाई हुन आउने रु.४,६५१।- प्रति महिनाका दरले जम्मा रु.२१,८५९।- सामाजिक सेवा सुरक्षा कर रु.२१८।५९ कटाई हुन आउने रु.२१,६४०।४१ भुक्तानी गर्नुपर्नेमा रु.४२,०००।- मा १ प्रतिशत मात्र सामाजिक सेवा सुरक्षा कर रु.४२०।- कट्टा गरी रु.४१,५८०।- भुक्तानी गरेकोले रु.१९,९३९।५९ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	१९९३९.५९
३६.	**जटिल प्राविधिक कार्य उपभोक्ता समितिबाट गराएको :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यविधि उल्लेख गरेको छ । सोही नियमावलीको नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायीबाट गराउन नसकिने उल्लेख छ । जटिल प्रकृतिको कार्य वा नितान्तरुपमा मेशिन उपकरण मात्र प्रयोग गरी निर्माण गरिनुपर्ने कार्यमा उपभोक्ता समितिले गर्न नसक्ने अवस्था तथा प्रकृतिको काममा सार्वजनिक निकायले नै निर्माण कार्य गर्ने बन्दोवस्त गर्नुपर्नेमा निम्नानुसारका जटिल प्रकृतिको काममा समेत उपभोक्ता समितिबाट कार्य गराई खर्च गरेको देखिन्छ ।	

क्र.सं.	कामको नाम	लागत अनुमान	भुक्तानी रकम
१.	वडा नं. ४ गुम्बा लाइनमा डिप बोरिङ निर्माण	१९०६२४४.०२	१७१४९९९.००
२.	ब्रम्हनगर नयाँबस्ती वुङजोर टोलमा डिप बोरिङ निर्माण	१९४५७७६.९५	१७१४९९९.००
३.	नयाँबस्ती निगाले टोल ब्रम्हनगर, ठोरी वडा नं. ३ मा डिप बोरिङ कार्य	१९४५७७६.९५	१७१४९९९.००
	जम्मा	**५७९७७९७.९२**	**५१४४९९७.००**

उपरोक्त अनुसार ३ वटा डिप बोरिङ निर्माण गर्नको लागि रु.५७,९७,७९७।९२ को लागत अनुमान भई उपभोक्ता समितिलाई रु.५१,४४,९९७/- भुक्तानी गरेको देखियो । उपभोक्ता समितिले उक्त ड्रिलिङ गर्ने कार्यको लागि निर ड्रिलिङ कम्पनी प्रा. लि. बाट कार्य गराई सो बिलको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएको छ ।

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
३७.	**जिन्सी दाखिला नभएको :-** २/२०७४/१२/२६ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम कार्यालय खरिद गरी प्राप्त भएका जिन्सी मालसामान जिन्सी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	किताबमा सात दिनभित्र आम्दानी बाध्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले आइनेट प्रा. लि. कर विजक नं. ६२६ मिति २०७५/१/६ बाट Laptop Dell I5 २ थान प्रतिथान रु.६०,१७७।- का दरले १,२०,३५४।- को १३% ले हुने रु.१५,६४६।- समेत रु.१,३६,०००।- र आइनेट कम्प्यूटर सोलुसन वीरगंजको विजक नं. ४६३/२०७५/१/६ बाट पेन ड्राइभ ३२ GB Samsung २ थान रु.२४००।-, वायरलेस माउस M/S २ थान २०००।- र पेन ड्राइभ १६ जि.बी. १ थान रु.८००।- समेत रु.२८००।- गरी कूल जम्मा रु.१,४३,१५०।- मा सोझै खरिद गरेकोमा दाखिला प्रतिवेदन र जिन्सी खातामा आम्दानी नबाधेकोले सोको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.	१४३१५०.००
३८.	**सोझै खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र वार्षिक खरिद योजना अनुसार वीस लाख रुपैंयासम्म लागत अनुमान भएको खरिद सिलबन्दी दरभाउपत्रको आधारमा र नियम ८५ बमोजिम पाँच लाख रुपैंयासम्म लागत कार्य सोझै गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा नहुने गरी वा सिमित हुने गरी खरिद कार्य गर्दा लागत अनुमान टुक्र्याउन नहुने समेत व्यवस्था छ । यस वर्ष कार्यालयले देहाय अनुसारको एकै प्रकृतिको मालसामान, फर्निचर, मेशिनरी औजार आदि खरिद गरेकोमा नियमावलीले तोकेको प्रक्रिया अनुसार खरिद नगरेकोले खरिद प्रक्रिया नियमित नभएको रु.	४७०६१३६.००

भौ.नं./मिति	सामानको विवरण	आपूर्तिकर्ता	जिन्सी दाखिला भए/नभएको	मूल्य
८/२०७४/८/१०	फर्निचर एवं फिक्सर्च (अफिस दराज-१०, टेबुल-४, रिभल्वीङ चेयर-६ थान)	अनमोल सप्लायर्स, वीरगंज (३०२७९७३१६)	छ	२९०४१०.००
११/२०७४/८/१९	फर्निचर तथा फिक्चर्स (घुम्ने कुर्सी-५)	गंगा चेयर एण्ड फर्निचर उद्योग वीरगज (३००८८८६२५)	छ	४२३७५.००
४/२०७४/७/१६	मेशिनरी औजार (डेल डेक्स्टप-५, मोनिटर-५, प्रिन्टर-५, यू.पि.एस.-५, एस्टेन्सन कर्ड-५)	मिलिनियम इन्फोसिस (६०३२४०४४९)	छ	४९९९१२.००
६/२०७४/८/३	फर्निचर एवं फिक्सर्च (अफिस दराज-७, फाइलिङ स्पेशल-३, बुककेश-५)	सृजना स्टील फर्निचर उद्योग (६०४१५७६३६)	छ	२९९४५०.००
२१/२०७४/९/२८	मेशिनरी औजार (डेक्स्टप-२, मोनिटर-२, प्रिन्टर-२, पावर बैंक-१)	सिंह ब्रदर्श वीरगंज (६०५०३१६२९)	छ	१९६७३३.००
२२/२०७४/९/२८	कार्यालय सम्बन्धी मालसामान	न्यू भवानी अफसेट प्रेस वीरगंज	छैन	१९६१६८.००
२३/२०७४/१०/२	कार्यालय सम्बन्धी मालसामान	संजय प्रिन्टिङ उद्योग	छैन	१६४८०.००
२५/२०७४/१०/३	कार्यालय सम्बन्धी मालसामान	एन. यू. ट्रेडिङ (३०५७४५१८९)	छैन	२६५८०.००
२६/२०७४/१०/१०	कार्यालय सम्बन्धी मालसामान		छैन	१९९०००.००
३२/२०७४/११/३	मेशिनरी औजार (प्रिन्टर क्यानन-१, सामसुङ मोबाइल-१)	मिलिनियम इन्फोसिस (६०३२४०४४९)	छैन	५१९८०.००
४४/२०७४/११/९	कार्यालय सम्बन्धी मालसामान	न्यू भवानी अफसेट प्रेस वीरगंज	छैन	१२६४०१.००
३७/२०७४/११/६	कार्यालय सम्बन्धी मालसामान	संजय प्रिन्टिङ उद्योग	छैन	६५८७५.००
३६/२०७४/११/६	आ. व. २०७४/७५ को नीति कार्यक्रम तथा बजेट छपाई ३५० प्रति	संजय प्रिन्टिङ उद्योग	छैन	३००००.००
५९/२०७५/२/४	यामाहा मोटरसाइकल खरिद-१	गिनी एण्ड सन्स	छैन	२५७९००.००
	फर्निचर खरिद	कालिका फर्निचर वीरगंज	छैन	४९८८९८.००
६५/२०७५/२/२९	फर्निचर	सृजना स्टील फर्निचर उद्योग (६०४१५७६३६)		४९८८९५.००
	मेशिनरी औजार (ल्यापटप-१, प्रोजेक्टर डेल-१, प्राजेक्टर स्क्रीन-१)	I Net Pvt. Ltd. वीरगंज (३०१९५९३९७)		११९२१५.००
६७/२०७५/२/३०	पुस्तक खरिद	शिवम् स्टेशनरी, श्रीपूर	छैन	६०००००.००
७७/२०७५/३/१५	छपाई तथा कार्यालय सम्बन्धी खर्च	न्यू भवानी अफसेट प्रेस वीरगंज	छैन	४८९९११.००
७९/२०७५/३/२१	फर्निचर एण्ड फिक्चर्स	अनमोल सप्लायर्स, वीरगंज (३०२७९७३१६)	छैन	१९९९५३.००
			जम्मा	**४७०६१३६.००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
३९.	**पदाधिकारी सुविधा :-** प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिम पदाधिकारी तथा सदस्यले आफू निर्वाचित भएको मितिदेखि अनुसूची १ बमोजिमको सुविधा पाउने र सोही ऐनको दफा ४(१) बमोजिम मासिक सुविधा पाउने पदाधिकारी बाहेकले अनुसूची १ मा उल्लेख भए बमोजिम बैठक भत्ता पाउने उल्लेख भएको र अनुसूची १ मा बैठक भत्ता दिन मिल्ने देखिदैन । पदाधिकारीले ऐनले नतोकेको बैठक भत्ता भुक्तानी दिन मिल्ने नदेखिएको रु.	७४२९००.००

भौ.नं./मिति	वापत	बैठक संख्या	पदाधिकारी संख्या	दर	जम्मा रकम	कर कट्टी	खुद भुक्तानी
६८/२०७५/३/१	गाउँ कार्यपालिका	१२३	१३	१५००	१७७०००	२६५५०	१५०४५०
७१/२०७५/३/८	वडा बैठक-३	१२७	५	१०००	१२७०००	१९०५०	१०७९५०
	वडा बैठक-४	१५०	५	१०००	१५००००	२२५००	१२७५००
७६/२०७५/३/१४	वडा बैठक-१	१५०	५	१०००	१५००००	२२५००	१२७५००
.../२०७५/३/२५	वडा बैठक-२	१२५	५	१०००	१२५०००	१८७५०	१०६२५०
११७/२०७५/३/२५	वडा बैठक-५	१४५	५	१०००	१४५०००	२१७५०	१२३२५०
				जम्मा	**८७४०००**	**१३११००**	**७४२९००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
४०.	**कर्मचारी वैठक भत्ता :-** प्रदेश नं. २ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को पदाधिकारी तथा अनुसूची १(क) बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्य तथा गाउँसभाका सदस्यको सुविधामा बैठक भत्ता भुक्तानी गर्न मिल्नेमा कर्मचारीले कार्यपालिका एवं गाउँसभा बैठकमा बैठक भत्ता भुक्तानी गरी देहाय अनुसार खर्च रु.१,२८,७७५।- लेखेको देखियो । ऐन बमोजिम नपाउने भत्ता भुक्तानी गरेको देखिएको रु.	१२८७७५.००

भौ.नं./मिति	कर्मचारीको पद/नाम	वापत	बैठक संख्या	दर	रकम	कर	खुद रकम
६८/२०७५/३/१	नि.का.प्र. सदस्य सचिव श्री किरण ब. बि. क.	गाउँ कार्यपालिका बैठक	५	१५००	७५००	११२५	६३७५
७१/२०७५/३/८	वडा सचिव श्री विक्रम सुवेदी	वडा नं ३ बैठक	१४	१०००	१४०००	२१००	११९००
	वडा सचिव श्री कृष्ण प्र. रेग्मी	वडा नं. ४ बैठक	३०	१०००	३००००	४५००	२५५००
	वडा सचिव श्री कृष्ण प्र. रेग्मी	वडा नं. ३ बैठक	१६	१०००	१६०००	२४००	१३६००
७६/२०७५/३/१४	वडा सचिव श्री धनराज वोट	वडा नं. १ बैठक	३०	१०००	३००००	४५००	२५५००
	वडा सचिव श्री धनराज वोट	वडा नं. २ बैठक	१०	१०००	१००००	१५००	८५००
	वडा सचिव श्री किरण ब. बि.क.	वडा नं. २ बैठक	१५	१०००	१५०००	२२५०	१२७५०
	वडा सचिव श्री कुल ब. बि. क.	वडा नं. ४ बैठक	२९	१०००	२९०००	४२५०	२४६५०
				जम्मा	**१५१५००**	**२२६२५**	**१२८७७५**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
४१.	**स्थानीय भत्ता भुक्तानी** :स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सुविधा प्रदान गर्नको लागि कानूनमा व्यवस्था गरी खर्च गर्न सकिने उल्लेख छ । निम्न बमोजिमको कर्मचारीहरुलाई कार्यपालिकाको निर्णय बमोजिम स्थानीय भत्ता वापत रु.२९,०५८१।- भुक्तानी गरेकोले विकास निर्माणमा खर्च गर्नुपर्ने रकम भत्ता थप गरी खर्च गर्दा व्ययभार परेकोले नियमित नभएको रु.	२९०५८१.००

भौ.नं./मिति	पद/नाम थर	अवधि	दर	रकम	कर कट्टी	खुद रकम
८१/२०७५/३/२२	ना.सु. श्री किरण ब. बि. क.	१२ महिना	५८७५.००	७०५००.००	१०५७५.००	५९९२५.००
	ले.पा. श्री सत्यनारायण सहनी	४ महिना	५८७५.००	२३५००.००	३५२५.००	१९९७५.००
	ना.सु. श्री कृष्ण प्र. रेग्मी	१२ महिना	५८७५.००	७०५००.००	१०५७५.००	५९९२५.००
	खरिदार श्री कुल ब. बि. क.	१२ महिना	५५४२.५०	६६५१०.००	९९७६.५०	५६५३३.५०
	खरिदार श्री विक्रम सुवेदी	८ महिना	५५४२.५०	४४३४०.००	६६५१.००	३७६८९.००
	खरिदार श्री धनराज वोट	१२ महिना	५५४२.५०	६६५१०.००	९९७६.५०	५६५३३.५०
			जम्मा	**३४१८६०.००**	**५१२७९.००**	**२९०५८१.००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
४२.	**मू. अ. कर जानकारी नदिएको :-** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क वमोजिम सार्वजनिक निकायले खरिद संझौता र मूल्य अभिवृद्धिकर भूक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यो वर्ष विभिन्न	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	परामर्शदाता/आपूर्तिकर्तालाई मूल्य अभिवृद्धि कर भूक्तानी दिएकोमा सम्झौता र भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको देखिएन । मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी भुक्तानी भएकै बखत दिनुपर्दछ । सो सम्बन्धी उदाहरण देहायअनुसार छन् :	

भौ.नं./मिति	कार्य विवरण	आपूर्तिकर्ता	मू.अ.कर नं.	बिल नं./मिति	भुक्तानी भ्याट समेत	भ्याट
८३/२०७५/२/२७	ढेडु खोला तटबन्धन	के.आई. वायर्स प्रा. लि.	६०१८६६८७६	८०/२०७५/२/२	४५५६१६.००	५२४१६.००
		जगदम्बा स्टील प्रा. लि.	३०००२०१०८	२१०८५/२०७५/१/१७	४०६८००.००	४६८००.००
	ठुटेखोला नदी नियन्त्रण तथा तथबन्धन	के आई वायर्स प्रा. लि.	६०१८६६८७६	६९/२०७५/१/२५	४१७६४८.००	४८०४८.००
		के आई वायर्स प्रा. लि.		७०/२०७५/१/२५	४१७६४८.००	४८०४८.००
८५/२०७५/३/८	कैदखोला तटबन्धन ठोरी-२	जगदम्बा स्टील प्रा. लि.	३०००२०१०८	२३०८५/२०७५/२/११	२५६१९३.००	२९४७३.६०
		जगदम्बा स्टील प्रा. लि.		२२१०२/२०७५/१/३१	३९४१४४.००	४५३४४.००
८६/२०७५/३/८	ठोरी भन्सार अमृत धारा भो.पुदेखि भन्सारसम्म तटबन्धन	के आई वायर्स प्रा. लि.	६०१८६६८७६	९८/२०७५/२/७	४२६३८९.६८	४९०५३.६८
८७/२०७५/३/१०	ओडारखोला तटबन्धन	के आई वायर्स प्रा. लि.		७६/२०७५/१/२९	४१७६४८.००	४८०४८.००
९६/२०७५/३/१९	वडार खोला तटबन्धन ठोरी-३	नारायणी स्टील्स प्रा. लि.	३०१५३३१९५	२६६/२०७८/१/२८	४०२४६०.००	४६३००.००
	ह्यूम पाइप निर्माण वडा नं. २	वनशक्ति निर्माण सेवा प्रा. लि. ठोरी-६	६०४३१२६६४	०९/२०७५/३/९	५५४०५२.००	६३७४०.००
		नारायणी स्टील्स प्रा. लि.		२६७/२०७५/१/२८	३७५६३०.००	४३२१४.००
				जम्मा	**४५२४२२८.६८**	**५२०४८५.२८**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
४३.	**बहालकर :-** आयकर ऐन, २०५८ को दफा ८८(१)(५) बमोजिम भाडा रकम भुक्तानी गर्दा बहालकर १५ प्रतिशतका दरले कट्टा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले देहायअनुसार घरभाडा रु.१,४२,७०२।- भुक्तानी गरेकोमा बहालकर रु.१४,२७०।२० कट्टा गर्नपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु.	१४२७०.००

भौ.नं./मिति	घरधनी	अवधि	भाडा भुक्तानी	बहालकर
१०८/२०७५/३/२४	श्री सुन लामा	पौष-चैत्र	५५७०२.००	५५७०.२०
१३५/२०७५/३/२५	श्री सुन लामा	वैशाख-आषाढ	४९५००.००	४९५०.००
१५०/२०७५/३/२५	श्री चरिमाया लमिनी	फाल्गुन-आषाढ	३७५००.००	३७५०.००
		जम्मा	**१४२७०२.००**	**१४२७०.२०**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
४४.	**अग्रिम कर र कर्मचारी सञ्चय कोष दायित्व :-** आयकर ऐन, २०५८ को दफा ९० (१) बमोजिम अग्रिमकर कट्टा गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनपछि विवरण दाखिला गर्नुपर्ने र सोही नियमको उपनियम (४) बमोजिम अग्रिमकर कट्टा गर्ने व्यक्तिले दाखिला गर्नुपर्ने र कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम कट्टी भएको कर्मचारी सञ्चय कोष रकम कर्मचारी सञ्चय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कट्टा गरेको अग्रिमकर र कर्मचारी सञ्चय कोष रु.२२,६७,४५५।६० दाखिला नभई आय-व्यय विवरणमा दायित्व बाँकी देखाएकोमा सो मध्ये आर्थिक वर्ष २०७५/७६ मा अग्रिम कर रु.२१,१३,९६५।३७ दाखिला गरेकोले कर्मचारी सञ्चय कोष र अग्रिम कर रु.१,५३,४९०।२३ दाखिला गर्न बाँकी देखिएकोले कर्मचारी सञ्चय कोष दाखिला गर्न बाँकी रहेको कर्मचारी यकिन गरी दाखिला गर्नुपर्ने रु.	१५३४९०.२३
४५.	**बीमा रकम बढी दाखिला :-** स्थायी रुपमा कार्यरत प्रत्येक निजामती कर्मचारीलाई मासिक रुपमा तलब भुक्तानी गर्दा सावधिक बीमावापत रु.२००।- थप गरी रु.४००।- कट्टी गरी नागरिक लगानी कोषमा दाखिला गर्ने व्यवस्था रहेकोमा देहायका कर्मचारीहरुलाई यसवर्ष तलब भुक्तानी गर्दा सोही अनुसार थप एवं कट्टा गरेपनि सोभन्दा बढी हुने गरी खर्च लेखी	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	दाखिला गरेकोले बढी दाखिला गरेको रु १५,६००।- असुल गर्नुपर्ने रु.	१५६००.००

क्र.सं.	पद	नाम थर	दाखिला भएको	दाखिला हुनुपर्ने	बढी दाखिला
१.	का. प्र.	श्री तुलसीराम भगत	३२००.००	२८००.००	४००.००
२.	ना. सु.	श्री किरण कुमार बि. क.	७६००.००	४८००.००	२८००.००
३.	ना. सु.	श्री रुस्लम मिया गदि	६८००.००	४८००.००	२०००.००
४.	ना. सु.	श्री कृष्णप्रसाद रेग्मी	७२००.००	४८००.००	२४००.००
५.	खरिदार	श्री विक्रम सुवेदी	४०००.००	३२००.००	८००.००
६.	खरिदार	श्री कुल बहादुर बि. क.	६८००.००	४८००.००	२०००.००
७.	का. सहायक	श्री धरराज बोट	६८००.००	४८००.००	२०००.००
८.	का. स.	श्री वाङ दोर्जे	६४००.००	४८००.००	१६००.००
९.	का. स.	श्री टेकबहादुर श्रेष्ठ	३४००.००	४८००.००	१६००.००
		जम्मा	**५२२००.००**	**३९६००.००**	**१५६००.००**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
४६.	**कर्मचारी सञ्चय कोष बढी दाखिला :-** क. सं. कोष ऐन, २०१९ बमोजिम तलब भत्ता भुक्तानी गर्दा दश प्रतिशत थप गरी बीस प्रतिशतले हुने रकम कट्टी गरी कर्मचारी सञ्चय कोषमा रकम दाखिला गर्नुपर्ने व्यवस्था छ । यस वर्ष देहायका कर्मचारीको सञ्चय कोष रकम वार्षिक कट्टी रु.२,२०,९७४।२० दाखिला गर्नुपर्नेमा रु.२,५५,५८४।- दाखिला गरेकोले बढी दाखिला गरेको रु.९८,७०९।८० सम्बन्धित कर्मचारीबाट असुल उपर गरी बेरुजू दाखिला गर्नुपर्ने रु.	९८७०९.८०

पद	कर्मचारीको नाम थर	मासिक क.सं. कोष कट्टी	अवधि	रकम	वार्षिक कट्टी	क.सं. कोष दाखिला	क.सं. कोष बढी दाखिला
ना.सु.	श्री कृष्ण प्रसाद रेग्मी	५०१३.००	श्रावण-माघ	३५०९१.००	६०९३६.००	८७४२१.००	२६४८५.००
		५१६९.००	फाल्गुण-आषाढ	२५८४५.००			
ना.सु.	श्री किरणबहादुर बि.क.	५०१३.००	श्रावण-माघ	३५०९१.००	६०९३६.००	८७४२१.००	२६४८५.००
		५१६९.००	फाल्गुण-आषाढ	२५८४५.००			
ना.सु.	श्री रुस्लम मिया गदि	५३२६.४०	कार्तिक-पौष	१५९७९.२०	४३३९४.२०	५७०९४.००	१३६९९.८०
		५४८३.००	माघ-जेठ	२७४१५.००			
का.स.	श्री धनिराज बोट	४५८०.००	श्रावण-माघ	३२०६०.००	५५७०८.००	२३६४८.००	३२०४०.००
		४७२९.६०	फाल्गुण-आषाढ	२३६४८.००			
	जम्मा	**४०४८३.००**		**२२०९७४.२०**	**२२०९७४.२०**	**२५५५८४.००**	**९८७०९.८०**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
४७.	**बढी भुक्तानी :-** कार्यालयले दर विश्लेषणका आधारमा स्वीकृत दररेटले हुने रकम सम्झौता बमोजिम भुक्तानी गर्नुपर्दछ । यस वर्ष कार्यालयले मिति २०७५/१/१३ को गाउँ कार्यपालिकाको निर्णय अनुसार ठोरी गाउँपालिका वडा नं. ४ को विरे खोला, ओरीया खोला र वडा नं. ५ को ओरीया खोला, लाटागोड खोलामा तटबन्धको supplying, packing and filling of gabin create with boulder (3×1×1) box size लागि आवश्यक पर्ने ढुंगा मकवानपुर जिल्लाबाट ढुवानी गर्ने निर्णय गरे मूताविक दर विश्लेषण उपभोक्ता समितिबाट गर्न प्रति घ.मी.को दर रु.३,६२६।९१ स्वीकृत गरेको र सो खोला वाहेक अन्य खोलाको तटबन्धको supplying, packing and filling of gabin create with boulder (3×1×1) box size लागि दर विश्लेषण प्रति घ.मी. रु.१,७६०।१५ दर स्वीकृत गरेको देखियो । यस वर्ष देहायको वडा नं. ४ र ५ ओरीया खोलाको तटबन्ध निर्माण कार्य गरेकोमा मकवानपुरबाट ढुंगा नल्याई सोही वडाका व्यक्तिहरुबाट ढुंगा खरिद गरेको भरपाई देखियो । मकवानपुरबाट ढुंगा खरिद नगरी सम्बन्धित वडाबाट नै ढुँगा खरिद गर्दा रु.१,७६०।१५ को दरले भुक्तानी गर्नुपर्नेमा सोभन्दा बढी दरले भुक्तानी हुँदा रु.११,३६,३७५।१४ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.	११३६३७५.१४

भौ.नं./मिति	कार्य विवरण	कार्य स्थ	इकाई	परिमाण	ढुवानी हुनुपर्ने		भुक्तानी भएको		बढी भुक्तानी असुल गर्नुपर्ने
					दर	रकम	दर	रकम	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम

		ल							
९८/ २०७५/३/२१	शान्तिटोलको उत्तरतर्फ ओरीया खोलामा तटबन्ध कार्य supplying, packing and filling of gabin create with boulder (3×1×1) box size	वडा नं.४	घ. मी.	४१७	१७६०.१५	७३०४६२.२५	३६२६.९१	१५०५१६७.६५	७७४७०५.४०
१०१/ २०७५/६/२४	ओरीया खोला पूलभन्दा दक्षिणतर्फ तटबन्ध supplying, packing and filling of gabin create with boulder (3×1×1) box size	वडा नं.५	घ. मी.	२१३	१७६०.१५	३७४९११.९५	३४५८.१३	७३६५८१.६९	३६१६६९.७४
								जम्मा	**११३६३७५.१४**

४८. **कर विजक नभएको :-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले सेवा आपूर्ति गर्दा रीतपूर्वक विजक दिनुपर्ने उल्लेख छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) बमोजिम तोकिएको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका परामर्शदाताबाट निम्न बमोजिमको कार्य गराएकोमा कर विजक वेगर मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोले मू. अ. कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा भुक्तनी गरेको मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु. — १०७४५१.३२

क्र.सं.	परामर्शदाता	भुक्तानी रकम	मू. अ. कर	कार्य विवरण
१.	स्वच्छ समाज नेपाल	४६००००.००	५२९२०.३५	नियमावली तथा कार्यविधिहरु संशोधन/विस्थापनका लागि मस्यौदा तयार गर्ने कार्य
२.	वातावरण संरक्षण तथा स्रोत परिचालन मञ्च	४७४०००.००	५४५३०.९७	गाउँपालिकाको लागि आवश्यक ऐन कानून, मस्यौदा, विधेयक तयार गर्ने कार्य
	जम्मा	**९३४०००.००**	**१०७४५१.३२**	

४९. **अग्रिम कर कट्टी नभएको :-** आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम रकम भुक्तानी गर्दा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यस वर्ष देहायका परामर्शदाताबाट परामर्श सेवावापत रु.९,३४,०००।- भुक्तानी गरेकोमा अग्रिम कर रु.१२,३९८।२२ कट्टा नगरेकोले असुल गर्नुपर्ने देखिएको रु. — १२३९८.२२

भौ.नं/मिति	परामर्शदाता	भुक्तानी रकम	अग्रिम कर	कार्य विवरण
११८/२०७५/३/२५	स्वच्छ समाज नेपाल	४६००००.००	६१०६.१९	नियमावली तथा कार्यविधिहरु संशोधन/विस्थापनका लागि मस्यौदा तयार गर्ने कार्य
	वातावरण संरक्षण तथा स्रोत परिचालन मञ्च	४७४०००.००	६२९२.०३	गाउँपालिकाको लागि आवश्यक ऐन कानून, मस्यौदा, विधेयक तयार गर्ने कार्य
	जम्मा	**९३४०००.००**	**१२३९८.२२**	

शिक्षातर्फ

५०. **नि:शुल्क पाठ्यपुस्तक अनुदान :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४/७५ बमोजिम स्थानीय तहले सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुकोडत्र यथार्थ तथ्याँक संकलन गरी यकिन संख्याको आधारमा दोश्रो चौमासिक भित्र विद्यालयहरुलाई नि:शुल्क पाठ्यपुस्तकको अनुदान विद्यार्थी संख्याको आधारमा ७५ प्रतिशतलाई मात्र निकासा दिने र बांकी २५ प्रतिशत रकम नयाँ शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा गर्नुपर्ने उल्लेख छ । निर्देशिकाको कम्पोनेण्ट नं.२.१५.११ मा विद्यार्थीले समयमै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलव्धताको सुनिश्चिता कायम गर्ने कार्य स्थानिय तहको हुने समेत व्यवस्था छ । स्थानीय तहमा रहने फोकल पर्सनलाई पाठयपुस्तक वितरणको लगत राख्न लगाउने, प्रयोग सम्वन्धमा समन्वय गर्ने र शिक्षा निर्देशनालय र शिक्षा

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	विभागमा प्रतिवेदन गर्नुपर्ने उल्लेख छ । गाउँपालिका अन्तर्गतका २१ वटा आधारभूत विद्यालयलाई ७५ प्रतिशतले हुने रु.९,४९,३८८।- र माध्यामिक विद्यालयहरुलाई रु.३,७७,३२६।- समेत रु.१३,२६,७२४।- थप ३ वटा विद्यालयलाई रु.३२,८००।- गरी जम्मा १३,५९,५२४।- निकासा गरेकोमा गाउँपालिकाले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सुनिश्चितता गरेको अनुगमन प्रतिवेदन पेश नभएको र फोकल पर्सनले पाठ्यपुस्तक वितरणको लगत राखेको देखिएन । निकासा गरेको रकमको अनुगमन गरी सुनिश्चितता गरिनुपर्दछ ।	
५१.	**छात्रा छात्रवृत्ति, अनुदान, पाठ्यपुस्तक अनुदान र ननस्यालरी अनुदान :-** शिक्षा मन्त्रालयबाट स्वीकृत भएको विद्यालय क्षेत्र विकास कार्यक्रम (क्षेत्र, जिल्ला, स्थानिय तह) लगायतका लागि कार्यक्रम संचालन गर्न कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ रहेको देखिन्छ । पुस्तिका बमोजिम विद्यालयमा अध्यापनरत सम्पूर्ण छात्राहरुलाई प्रति विद्यार्थीले वार्षिक न्यूनतम रु.४००।- छात्रवृत्ति पाउने अवस्था सुनिश्चित गर्न छात्रवृत्ति वितरणका आधारहरु र रकम विद्यालयको सूचना पाटीमा टाँस गर्न विद्यालयलाई निर्देशन दिने, विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवं आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितामा विद्यालयमा छात्रवृत्तिका लागि उपलब्ध अनुदान मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरु तय गरी छात्रवृत्ति पाउने, छात्राहरुको नामावली सहितको विवरण विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्ने, विद्यालयमा नियमित अध्यापन गरिरहेका छात्राहरुलाई दोहोरो नपर्ने गरी अभिभावकको रोहवरमा छात्रवृत्ति वितरण गर्नुपर्ने र स्थानीय तहले छात्रवृत्ति पाउने विद्यार्थी संख्या, छात्रवृत्ति वितरणको भर्पाइ, छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाम नामेसी सहितको विवरण राख्नु पर्ने गरि अनुगमन सूचक तोकेको देखिन्छ । छात्रवृत्ति अनुदान अन्तर्गत आधारभूत तहका छात्रा छात्रवृत्तिमा २१ विद्यालयका लागि रु.१,३७,२१४।- निकासा गरेको छ । EMIS को आधारमा विद्यार्थी संख्या यकिन गरी तथ्य तथ्यांकको आधारमा विद्यालयमा निकासा गर्नुपर्नेमा जिल्ला शिक्षा कार्यालयबाट लिएको विद्यार्थी संख्याको आधारमा निकासा गरेको देखियो । स्थानीय तहले आधारहरु तयार नगरेको हुनाले शिक्षा कार्यालयको तथ्याँकको आधार लिएको जनाएको भएतापनि केहि विद्यालयहरुको EMIS भिडान गर्न सकिएन । स्थानीय तहले विद्यालयबाट तथ्यांक संकलन नगरेको, निर्देशिकाले तोकेको सूचकहरुको अनुगमन नगरेको जस्ता कारणहरुले छात्रवृत्ति निकासाको नियन्त्रण पक्ष कमजोर रहेको छ । अतः EMIS अपडेट गरी सोही आधारमा छात्रवृत्ति रकम निकासा गरिनु पर्दछ ।	
	सामाजिक सुरक्षातर्फः	
५२.	**सामाजिक सुरक्षा अनुदान :** सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु.३१,३२,०००।- बजेट विनियोजन भई रु.३,२०,३४,०००।- निकासा भई खर्च रु.३,२०,३४,०००।- भएको पाइयो । स्वीकृत इकाइगत लेखापरीक्षण योजना अनुसार बढी निकासा एवं खर्च भएका पहिलो (वडा नं. ४) र पाँचौ वडा (वडा नं. २) को भरपाई परिक्षण गरिएको र अन्य वडाको सामाजिक सुरक्षा खर्चको हकमा पेश्की खर्च, बैंक दाखिला रकम भिडान गरी परिक्षण गरिएको छ । पेश्की फाँटवारी परिक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :	
५२.१.	(१) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७४/०७५ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिई भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	वितरण गर्नुपर्दछ । (२) सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता लेखापरीक्षणका लागि पेश नभएको, वित्तीय सूचना प्रणालीमा नामनामेसी अपलोड समेत नगराएकोले फोटोसहित अमिलेख व्यवस्थित गरी वित्तीय सूचना प्रणालीमा व्यवस्थित गर्नुपर्दछ । मूल अभिलेख लेखापरीक्षणका लागि समेत पेश नभएको र बजेटकै हाराहारीमा खर्च समेत भएकोले खर्च रकम सही, यथार्थ छ भन्न सकिएन । कार्यालयले अनुगमन व्यवस्था प्रभावकारी बनाई खर्च रकम यथार्थता यकिन गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन ।	
५२.२.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ अनुसार तोकिएको शर्त पूरा भएमा परिच्छेद ३ बमोजिमको भत्ता पाउने व्यवस्था छ । पँजिकरण विभागको व्यवस्थापकीय सूचना प्रणालीमा दर्ता भएकोले मात्र सामाजिक सुरक्षा भत्ता पाउने पाउने व्यवस्था रहेको छ । देहायका कैफियत भएका अवस्थामा समेत भत्ता वितरण गनरेको देखाएकोले वडा नं. २ का वडा सचिव श्री किरण बहादुर बिकले प्रथम किस्ता र श्री धनराज बोटले दोस्रो र तेस्रो किस्ता वितरण गरेको रहेछ । अत : निज सचिवहरुसँग देहायवमोजिमका रकम असुल गर्नुपर्ने देखिएको रु.	८४०००.००

सि.नं	विवरण	नाम	प्रकार	भुक्तानी रु.	कैफियत
१	जेष्ठ नागरिक	श्री रामदत्त चौधरी	प्रथम, दोस्रो र तेस्रो	२४०००.००	जन्म मिति नभएको
२	जेष्ठ नागरिक	श्री तिल बहादुर रिमाल	प्रथम, दोस्रो र तेस्रो	२४०००.००	ना.प्रा.नं. र जन्म मिति नभएको
३	एकल तथा विधवा	श्री भिम कुमारी क्षेत्री	प्रथम, दोस्रो र तेस्रो	१२०००.००	ना.प्रा.नं. र जन्म मिति नभएको
४	एकल तथा विधवा	श्री कृष्ण कुमारी विश्वकर्मा	प्रथम, दोस्रो र तेस्रो	१२०००.००	ना.प्रा.नं. र जन्म मिति नभएको
५	एकल तथा विधवा	मैना देवी वस्नेत	दोस्रो र तेस्रो	८०००.००	ना.प्रा.नं. र जन्म मिति नभएको
६	एकल तथा विधवा	खन्तरी कुँवर	प्रथम	४०००.००	ना.प्रा.नं. नभएको
			जम्मा	**८४०००.००**	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
५३.	**वित्तीय जवाफदेहिता मूल्यांकनः** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनको आधारमा कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।	
५४.	**बेरुजू** :- पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१५ लाख ८४ हजार, अनियमित बेरुजू रु.१ करोड ४५ लाख ३२ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.१ करोड १२ लाख ६९ हजार समेत रु.२ करोड ७३ लाख ८५ हजार	

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्याट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले वेरुजु फछ्र्यौट गरेको देखिएन । वेरुजु असुल फछ्र्यौट गर्नु पर्दछ । गत वर्षको वेरुजू स्थिति गरका निम्नानुसार देखिएको छ :

<table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>४,५०,७४,०००.००</td><td>-</td><td>४,५०,७४,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६.</td><td>अद्यावधिक बेरुजू स्थिति : ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको स. प.बाट कायम बेरुजू रु.(D)</th><th>यो वर्षको कायम बेरुजू रु.(E)</th><th>बाँकी (F=C+D+E)</th></tr>
<tr><td>४,५०,७४,०००.००</td><td>-</td><td>२,७३,८५,१३६.१७</td><td>७,२४,५९,१३६.१७</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची १

ठोरी गाउँपालिका

बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

२०७४/७५

(रु. हजारमा)

स्थानीय तहको नाम	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछर्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
ठोरी गाउँपालिका	पर्सा	२१	३७	२७३८५	०	०	०	२१	३७	२७३८५	१५८४	१४५३२	११२६९	०	०	२५८०१	०	०	०

अनुसूची २

स्थानीय तह सञ्चित कोष विवरण

२०७४/७५

(रु. हजारमा)

स्थानीय तह		आय				जम्मा आय	व्यय				
		गतवर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात बाँकी
		१	२	३	४	५(२+३+४)	६	७	८	९(६+७+८)	१०(१+५-९)
ठोरी गाउँपालिका	पर्सा	६१८०	१५१५८४	१३८७०४	२५०८	२९२७९६	१२७७३९	१२८१८४	०	२५५९२३	४३०५३